# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 18.02.2025**

---

***<u>सबै भन्दा पहिला आजका मुख्य समाचार।</u>***

- भारत र कतारबीच रणनीतिक साझेदारी बढ़ाउनका लागि महत्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर।
- केन्द्रद्वारा पन्ध्रौ वित्त आयोग अन्तर्गत तीन राज्यका ग्रामीण स्थानीय निकायहरूका लागि अनुदान जारी।
- गृह मन्त्री अमित शाहले जम्मू काश्मीरमा नयाँ आपराधिक कानूनहरूका कार्यानवयनमाथि समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।
- सरकारद्वारा सरकारी वेबसाइट र डिजिटल प्लेटफार्ममा एकरूपता ल्याउन डिजिटल ब्रान्ड पहिचान नियमावली जारी अनि
- बडोदरामा महिला प्रीमियर लीग क्रिकेटमा गुजरात जाएंटस र मुम्बई इण्डियन्सबीच भीडन्त हुँदै।

---

***<u>Katar Amir Yatra</u>***

भारत र कतारले ब्यापार, ऊर्जा, निवेश, नवाचार प्रोद्योगिकी, खाद्य सुरक्षा क संस्कृतिका क्षेत्रहरूमा महत्वपूर्ण साझैदारी बढ़ाउने निर्णय लिएका छन्।

नयाँ दिल्लीमा आज प्रधानमन्त्री नरेन्द्र मोदी र कतारका अमीर शेख तमीम बिन हमाद अल सानीबीच प्रतिनिधिमण्डल स्तरको वार्ता भयो। यसमा दुवै नेताहरूले आपसी हितका क्षेत्रीय र वैश्विक मुद्दाहरूमाथि विचारविमर्श गर्नुभयो।

दुवै देशले दुईवटा सम्झौता ज्ञापनमा हस्ताक्षर गरेका छन्।

यी सम्झौता दुई देश बीच रणनीतिक साझेदारीको प्रवर्ध्दन, दोहोरो दोबर कराधानबाट बाँच्ने र आयकरको राजकोषीय चोरीको रोकथामसित सम्वन्धित छन्।

प्रतिनिधिमण्डल स्तरको वार्तापछि प्रधानमन्त्री नरेन्द्र मोदी र कतारका अमीर शेख तमीम बिन हमद अल सानीको उपस्थितिमा सम्झौता ज्ञापनहरू आदान प्रदान गरियो।

भारतको तर्फबाट विदेशमन्त्री सुब्रहमण्यम् जयशङ्कर, वित्त मन्त्री निर्मला सीतारामन, वाणिज्य तथा उद्योग मन्त्री सीतारामन रास्ट्रिय सूचना सल्लाहकार अजीत डोभाल र अन्य वरिस्ठ अधिकारीहरू उपस्थित थिए।

बैठकमा कतारका मन्त्रीहरू र वरिस्ठ अधिकारीहरू लगायत एउटा उच्च स्तरीय प्रतिनिधिमणडलको पनि उपस्थिति थियो।

यसअघि आज बिहान रास्ट्रपति भवनको प्राङ्गणमा कतारका अमीरको औपचारिक स्वागत गरियो।

यस अवसरमा रास्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय मन्त्रीहरू उपस्थित थिए।

यसैवीच दुवै देशले ब्यापार र निवेश सहयोग बढ़ाउनका लागि दुईवटा सम्झौता ज्ञापनहरूमा पनि हस्ताक्षर गरे।

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयल र कतारका वाणिज्य मन्त्री शेक फैसल बिन सानी बिन फैसल अल सानीको उपस्थितिमा सम्झौता ज्ञापनहरूमा हस्ताक्षर गरियो।

भारत कतार ब्यापार मञ्चमा श्री गोयलले भन्नुभयो भारत र कतार बीच भविस्यको साझोदारी स्थिरता, प्रौद्योगिकीस, उद्यमशीलता र ऊर्जाका क्षेत्रहरू निर्भर हुनेछ।

उहाँले भन्नुभयो दुइ देशबीच ब्यापार सहयोगले दुई हजार सैंतालिस सालसम्ममा विकसित भारत र कतार रास्ट्रिय परिकल्पना 2030 बीच तालमेलमा सहायता गर्न सक्नेछ।

---

***Govt Rural Grant***

केन्द्रले पन्ध्रौं वित्त आयोग अन्तर्गत पंजाब, उत्तराखण्ड र छत्तीसगढ़मा ग्रामीण स्थानीय निकायहरूका लागि पाँच सय बासठी करोड़ रूपियाँ भन्दा अधिक अनुदान जारी गरेको छ।

केन्द्रीय पञ्चायती राज मन्त्रालयले भनेको छ- पञ्चायती राज संस्थानहरू र ग्रामीण स्थानीय निकायहरूलाई प्रदान गरिने यो अनुदानले त्रृणमूल स्तरमा लोकतन्त्रलाई सुदृढ़ बनाउनमा प्रदान गरिने महत्वपूर्ण भूमिका निर्वाह गर्छ।

मन्त्रालयले भनेको छ ग्रामीण शासनलाई सुदृढ़ बनाउन 2024-2025 सालमा पञाजाबलाई दुई सय पच्चीस करोड़ रूपियाँ भन्दा अधिक, छत्तीसगढ़लाई दुई सय चौंवालिस करोड़ रूपियाँ भन्दा बढ़तो र उत्तराखण्डलाई तिरानब्बे करोड़ रूपियाँ भन्दा अधिक राशि प्राप्त भएको छ।

---

***Amit Shah Review Meeting***

केन्द्रीय गृह मन्त्री अमित शाहले जम्मू काश्मीरमा नयाँ आपराधिक कानूनहरूको कार्यान्वयनमाथि नयाँ दिल्लीमा आज समीक्षा बैठकको अध्यक्षता गर्नुभयो यसमा जम्मू कश्मीरका उपराज्यपाल मनोज सिन्हा, मुख्यमन्त्री उमर अब्दुल्ला र वरिस्ठ अधिकारी सामेल थिए।

बैठकमा जम्मू कश्मीरमा पुलिस, जेल, अभियोजन, र फोरेन्सिकसित सम्बन्धित विभिन्न नयाँ प्रावधानहरूको कार्यान्वयन र वर्तमान स्थितिको समीक्षा गर्नुभयो।

बैठकपछि सम्वाददाताहरूसितको कुराकानी मा मुख्यमन्त्री उमर अब्दुल्लाले भन्नुभयो यी नयाँ कानूनहरूबारे जम्मू कश्मीरका मानिसहरूमा जागरूकता बढ़ाउने प्रयास गरिनेछ।

Byte…

गत वर्ष पहिलो जुलाईमा सारा देशमा लागू गरिएका नयाँ आपराधिक कानूनहरू भारतीय नयाय संहिता, नागरिक सुरक्षा संहिता र भारतीय साक्ष्य अधिनियमको उद्देश्य भारतको कानून व्यवस्थालाई बढी पारदर्शी, कुशल र समकालीन समाजका आवश्यकताहरू अनुरूप बनाउनु रहेको छ।

---

***Digital Brand Identification Rule***

सरकारले सरकारी वेबसाइटहरू र डिजिटल प्लेटफार्ममा एकरूपना ल्याउनका लागि डिजिटल ब्रान्ड पहिचान नियमावली जारी गरेको छ।

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी राज्य मन्त्री जितिन प्रसादले आज नयाँ दिल्लीमा यो नियमावली जारी गर्नुभयो।

यस अवसरमा श्री प्रसादले भन्नुभयो देश प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा एउटा आईटी महाशक्तिको रूपमा देखा परिरहेछ।

डिजिटल ब्रान्ड पहिचान नियमावली एउटा ब्यापक मार्गदर्शइका हो।

यसलाई डिजिटल प्लेटफार्ममा सामञ्जस्यपूर्ण दृश्य पहिचान स्थापित गर्नमा सरकारका अनौठा आवश्यकताहरूलाई पूरा गर्नका लागि तयार परिएको छ।

---

## *PM Fasal Bima Yojna*

प्रधानमन्त्री फसल बीमा योजनाको आज नौ वर्ष पूरा भएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले दुइ हजार सोह सालमा यो योजना शुरू गर्नुभएको थियो।

यसको उद्देश्य प्राकृतिक आपदाहरूबाट हुने फसल हानी र नोक्सानद्वारा पीडित कृषकहरूलाई, वित्रीय सहायता प्रदान गर्नु हो।

यस योजनाले नवीन कृषि तकनिकहरूलाई अप्नाउन प्रोत्साहित गर्दै कृषकहरूको आय स्थिर बनाउनमा महत्वपूर्ण निर्वहण गरेको छ।

केनद्रीय मन्त्रीमण्डलले उनात्तर हजार पाँच सय पन्ध्र करोड़ रूपियाँभन्दा अधिकका कुल बजटसित 2025-2026 सम्ममा प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित फसल बीमा योजनालाई जारी राख्ने स्वीकृति दिएको थियो।

---

## *Delhi BJP Meeting*

दिल्ली भारतीय जनता पार्टी विधायक दलको बैठक भोलि रास्ट्रिय राजधानीमा बस्नेछ।

यसमा सबै नवनिर्वाचित भाजपा विधायक र पार्टीका वरिस्ठ नेताहरूले भाग लिनेछन्।

पार्टी सूत्र अनसार दिल्लीका अधिल्लो मुख्यमन्त्रीको नाम बैठकमा तय हुने सम्भावना छ।

अघिल्ला मुख्यमन्त्रीको शपथ ग्रहण समारोह आउँदो बिहीबार रास्ट्रिय राजधानीको रामलीला मैदानमा आयोजित गरिने आशा छ।

भारतीय जनता पार्टीले दिल्ली विधानसभा चुनउमा सत्तरीमध्ये अड़चालिस सीट जितेको छ।

---

## *Pariksha Pe Charcha*

परीक्षा पे चर्चाको आठौं संस्करणमा आज संघ लोक सेवा आयोग, भारतीय प्रौद्योगिकी संस्थान, संयुक्त पात्रता परीक्षा, केन्द्रीय माध्यमिक शिक्षा बोर्ड र भारतीय माध्यमिक शिक्षा प्रमाण पत्र परीक्षाका मेधावी छात्राहरूले आ आफ्ना सफलताका कथाहरू साझा गरे।

बोर्ड परीक्षाका मेधावी छात्रहरूको भनाइमा विद्यार्थीहरूले आफ्नो मस्तिस्कमा सबै प्रकारका जानकारीहरू संग्रह गर्न सक्दैनन्। यसो हुँदा उनीहरूले परीक्षामा प्राय: सोधिने विषयहरूमाथि ध्यान दिनुपर्छ।

---

## *New CEC*

देशका निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई मुख्य चुनाउ आयुक्त नियुक्त गरिएको छ।

उहाँले श्री राजीव कुमारको स्थान लिनुहुनेछ जसको कार्यकाल आज समाप्त भएको छ।

श्री ज्ञानेश कुमार केराला काडरको उन्नाइस सय अठासी ब्याचका पूर्व आईएसस अधिकारी हुनुहुन्छ।

उहाँले संसदीय कार्य मन्त्रालयका सचिवको पदमा रहेर पनि काम गरिसक्नुभएको छ।

अर्कोतिर डा. विवेक जोशीलाई नयाँ चुनाउ आयुक्त नियुक्त गरिएको छ।

उहाँ भारतीय प्रशासनिक सेवा उन्नाइस सय उनासी ब्याचको हरियाणा काडरका अधिकारी हुनुहुन्छ।

रास्ट्रपति द्रौपदी मुर्मुले दुवै चुनाउ आयुक्तहरूको नियुक्ति गर्नुभएको छ।

---

***PM Ramkrishna Paramhars***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज स्वामी रामकृष्ण परमहंसको जयन्तीमा उहाँप्रति श्रध्दाञ्जली अर्पण गर्नुभएको छ।

एउटा सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ – स्वामी रामकृष्ण परमहंसको मा कालीप्रतिको गहिरो भक्तिले उहाँका अनुयायीहरूलाई धेरै प्रभावित गरयो।

---

***Maha Kumbh***

महारास्ट्रको नासिकका वरिस्ठ अधिकारीहरूको बीस सदस्यीय टीमले 2027 मा हुने नासिक त्रयम्बकेश्वर कुम्भको तयारीका लागि प्रयागराजमा भइरहेको महाकुम्भको अध्ययन गर्नेछ।

अवलोकनपछि महाकुम्भको ब्यवस्था, नासिक कुम्भको आयोजनका लागि पनि लागू गरिनेछ।

---

***Women Premier League Cricket***

महिला प्रीमियर लीग क्रिकेटमा, आज बरोदरामा, गुजरात जाएटंस र मुम्बई इण्डियन्स बीच प्रतिस्पर्धा भइरहेछ।

यो म्याच भर्खरै कोटाम्बी स्टेडियम्मा शुरू भएको छ।

हिजो रोयल च्यालेन्जर्सले बंगलुरूमा डेल्ही क्यापिटल्सलाई आठ विकेटले पराजित गरयो।

---

***अनत्यमा मुख्य समाचार फेरी एक पल्ट***

- भारत र कतारबीच रणनीतिक साझेदारी बढ़ाउनका लागि महत्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर।
- केन्द्रद्वारा पन्ध्रौ वित्त आयोग अन्तर्गत तीन राज्यका ग्रामीण स्थानीय निकायहरूका लागि अनुदान जारी।
- गृह मन्त्री अमित शाहले जम्मू काश्मीरमा नयाँ आपराधिक कानूनहरूका कार्यानवयनमाथि समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।
- सरकारद्वारा सरकारी वेबसाइट र डिजिटल प्लेटफार्ममा एकरूपता ल्याउन डिजिटल ब्रान्ड पहिचान नियमावली जारी अनि
- बडोदरामा महिला प्रीमियर लीग क्रिकेटमा गुजरात जाएंटस र मुम्बई इण्डियन्सबीच भीडन्त हुँदै।

**आकाशवाणीबाट सुन्दै हुनुहुनथ्यो समाचार पूरा भयो।**

---